Vangmaya
Vol. 22, No. 1: 33-42, July-August 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v22i1.85314
https://orcid.org/0009-0002-3051-8022

# नवइतिहासवादी समालोचनाको सैद्धान्तिक अवधारणा

**डा. जीवन श्रेष्ठ***

## लेखसार

*प्रस्तुत लेखमा नवइतिहासवादी समालोचनाको मुख्य अवधारणाको विश्लेषण गरिएको छ । यो समालोचना उत्तरसंरचनवादका प्रभावमा परम्परागत इतिहासवादी अध्ययन र कृतिपरक अध्ययनका व्यतिरेकमा सांस्कृतिक दृष्टिबाट साहित्यको अध्ययन गर्ने एउटा नवीन पद्धति हो । पाश्चात्य जगत्मा विकसित यस नवइतिहासवादी समालोचनाको विकास के कसरी भयो र यसका मुख्य अवधारणा के-कस्ता रहेका छन् भन्ने समस्यामा केन्द्रित भएर यो अध्ययन गरिएको छ । त्यसका लागि आवश्यक सामग्री पुस्तकालय र इन्टरनेटका माध्यमबाट सङ्कलन गरिएको छ । यसमा तथ्यहरूको व्याख्या विश्लेषण गरी समस्याको निरूपण गर्ने सन्दर्भमा नवइतिहासवादी विद्वान्हरूको विचार र नेपाली साहित्य समालोचनाका सन्दर्भहरूलाई आवश्यकताअनुसार उपयोग गरिएको छ । यसमा विश्लेषण विधिका माध्यमबाट समस्याको निरूपण गरिएको छ । यसरी गरिएको अध्ययनका आधारमा नवइतिहासवादी समालोचना सन् १९८० को दशकमा स्टेफन ग्रिनब्लाटलगायतका पाश्चात्य विद्वान्हरूको प्रयासमा विकास भएको हो । इतिहासलाई गतिशील एवम् खण्डित लेखन मानिने भएकाले यसमा कलासाहित्यको अध्ययनबाट नवीन ऐतिहासिक तथ्यको खोजी गर्न सकिने मान्यता रहेको छ । त्यसैले कलासाहित्यलाई संस्कृतिका अनेक डिस्कोर्सहरूमध्येको एउटा महत्त्वपूर्ण डिस्कोर्स मान्नु, यसलाई सामाजिक-सांस्कृतिक सन्दर्भहरूको महत्त्वपूर्ण दस्ताबेज मान्नु, इतिहासलाई खण्डित एवम् आत्मपरक लेखन मान्नु, तथा कलासाहित्यको अध्ययनबाट परम्पराभिन्न नवीन इतिहासको खोजी गर्न सकिन्छ भन्ने मान्यता अङ्गीकार गर्नु यसका मुख्य अवधारणा रहेका छन् ।*

**शब्दकुञ्जी :** अन्तरविधापरकता, उत्तरसंरचनावाद, वैयक्तिकता, शक्ति-सम्बन्ध, सीमान्तीयता ।

## विषयपरिचय

नवइतिहासवाद बिसौँ शताब्दीको अन्त्यतिर विकसित साहित्यिक एवम् सांस्कृतिक समालोचना सिद्धान्त हो । अङ्ग्रेजी भाषाको ‘न्यु हिस्टोरिसिज्म’लाई नेपालीमा नवइतिहासवाद भनी अनुवाद गरिएको छ । यसको पहिलो प्रयोग स्टेफन ग्रिनब्लाटले सन् १९८२ मा पुनर्जागरणकालीन निबन्धहरूको सङ्कलन र सम्पादनका क्रममा तयार पारेको कृतिमा गरेका हुन् । यसको विकासमा ग्रिनब्लाटलगायत लोइस मोन्ट्रस, क्याथरिन ग्यालाघर, एलन सिनफिल्ड आदि विद्वान्हरूको महत्त्वपूर्ण योगदान रहेको छ । यसमा कृतिबाहिरका ऐतिहासिक सन्दर्भ र साहित्य एवम् समाजको अन्तरसम्बन्धमा जोड दिइएको छ । त्यसैले इतिहास, समाज, संस्कृति र कलासाहित्यको एकीकृत अध्ययन यसको मुख्य विषयक्षेत्र रहेको छ । उत्तरसंरचनावादी चिन्तनको विकाससँगै इतिहास लेखनको वस्तुपरकतामाथि संशय सिर्जना गरियो र “इतिहासमा अतीतको सत्य होइन, इतिहासकारद्वारा खिचिएको सत्य आउँछ । इतिहास कला, साहित्यझैं भावना र बुद्धिद्वारा सिर्जित हुन्छ” भन्ने धारणा विकास भयो (गौतम, २०६७, पृ. ३०३) । फलस्वरूप विजेता शासक केन्द्रित

* डा. श्रेष्ठ पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

इतिहास अध्ययनको क्षेत्र कलासाहित्यमार्फत सांस्कृतिक अध्ययनतर्फ विस्तार भएको छ । यसले कलासाहित्यलाई इतिहास अध्ययनको एउटा नयाँ आयामका रूपमा लिएर अध्ययन गर्दछ । परम्परागत पाठपरक, भाषापरक एवम् रूपपरक समालोचनाको सङ्कुचनलाई फराकिलो बनाएर साहित्यिक अध्ययनलाई कृतिबाहिरका सन्दर्भसँग जोड्नु यसको महत्त्वपूर्ण उपलब्धि हो । तसर्थ नवइतिहासवादी समालोचना सामाजिक, सांस्कृतिक एवम् ऐतिहासिक सन्दर्भका आधारमा कलासाहित्यको अध्ययन गर्ने एउटा नवीन सिद्धान्त हो ।

उत्तरवर्ती समालोचनाका रूपमा नवइतिहासवादी अवधारणा विकसित भएकाले पश्चवर्ती समालोचनाको अध्ययन गर्ने सन्दर्भमा केही नेपाली समालोचकहरूले पनि यसका बारेमा चर्चा गरेका छन् । कृष्ण गौतम (२०६७) ले उत्तरसंरचनावादको सहयोगमा नवइतिहासवादले साहित्यलाई पनि एउटा डिस्कोर्स मान्दै यसमा व्यापक सांस्कृतिक इतिहासको अंश हुन्छ भन्ने कुरा स्वीकार गर्छ भन्ने धारणा व्यक्त गरेका छन् (पृ. ३००) । त्यस्तै अभि सुवेदी (२०७८) ले यसलाई नवऐतिहासिकवादको संज्ञा दिएका छन् । उनले अनेकौँ विचारहरूलाई लिएर अहिलेको काव्यसिद्धान्तको परिवर्तित परिप्रेक्ष्यमा व्याख्या गर्ने यो एउटा महत्त्वपूर्ण समीक्षा सिद्धान्त भएको विचार व्यक्त गरेका छन् (पृ. ४१४-४१५) । उपर्युक्त विद्वान्हरूले नवइतिहासवादलाई पछिल्लो समयको एउटा नवीन समालोचना सिद्धान्तका रूपमा चिनाउने काम गरेका छन् तर यसको पृष्ठभूमि, विकास र मुख्य अवधारणाबारे गहन विश्लेषण गरेका छैनन् । तर वर्तमान सांस्कृतिक अध्ययनका सन्दर्भमा यसको महत्त्व रहेकाले यसबारे गहन विमर्श हुनु आवश्यक देखिन्छ । यस सन्दर्भमा प्रस्तुत शोधलेखमा नवइतिहासवादी समालोचनाको विकास र अवधारणा के-कस्ता रहेका छन् भन्ने मूल समस्यामा केन्द्रित भएर यसैको समाधान खोज्ने उद्देश्य राखिएको छ । यो पश्चवर्ती समालोचना सिद्धान्तको अध्ययन र विश्लेषणमा रुचि राख्ने अध्येताहरूका लागि उपयोगी हुने छ साथै सांस्कृतिक सन्दर्भलाई आधार बनाएर इतिहासको पुनर्लेखन गर्ने प्रयास भइरहेको वर्तमान सन्दर्भमा पनि यो औचित्यपूर्ण रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा नवइतिहासवादी समालोचनाको सैद्धान्तिक व्याख्या गरिएको छ । त्यसका लागि यस सिद्धान्तसम्बद्ध लेख, रचना, कृति आदिबाट आवश्यक तथ्य सङ्कलन गरी तिनको व्याख्या विश्लेषणबाट समस्याको समाधान खोजिएको छ । यसमा नवइतिहासवादी समालोचनाका सैद्धान्तिक कृति र नेपाली साहित्य समालोचनाका सन्दर्भलाई सामग्रीका रूपमा उपयोग गरिएको छ । तिनको सङ्कलन पुस्तकालय र इन्टरनेटका माध्यमबाट गरिएको छ । यसमा सैद्धान्तिक व्याख्याको पुष्टिका लागि नेपाली साहित्यका आवश्यक तथ्य र उदाहरणको पनि प्रयोग गरिएको छ । व्याख्या र विश्लेषण विधिको प्रयोग गरिएकाले यो पाठविश्लेषणमा आधारित गुणात्मक विधिको अध्ययन हो । यसमा विशेष गरी स्टेफन ग्रिनब्लाट, विसर, गिर्ज, मिसेल फुको, जेन मार्कस् जस्ता नवइतिहासवादी चिन्तकहरूको मतका आधारमा नवइतिहासवादी अवधारणाको खोजी गरिएको छ ।

## नवइतिहासवादी समालोचनाको पृष्ठभूमि र विकास

नवइतिहासवादी समालोचनाको विकास सांस्कृतिक समालोचनाका रूपमा भएको हो । कलासाहित्यको अध्ययनलाई मानविकीका अन्य विधासँग जोडेर अध्ययन गर्ने प्रयासकै फलस्वरूप यसको जन्म भएको हो । सन् १९७० मा क्यालिफोर्नियामा इतिहासकार, साहित्यसमालोचक, मानवशास्त्री, कला, संस्कृति आदि विभिन्न क्षेत्रका विद्वान्हरूको एउटा बृहत् सभामा कलासाहित्य र इतिहासबिचको सम्बन्धका बारेमा गहन छलफल भएको थियो । उनीहरूले कलासाहित्यसँग

मानविकीका संस्कृति, अर्थशास्त्र, मानवशास्त्र, इतिहास आदि विधाको अन्तर्सम्बन्धबारे गहन छलफल सुरु गरेका थिए । यिनलाई अलग गरेर अध्ययन गर्ने परम्परागत पद्धतिका विपरीत उनीहरूले समग्र अध्ययनको अवधारणा अघि सारे । फलस्वरूप समालोचनाका क्षेत्रमा कलासाहित्य, मानवशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, संस्कृति आदिको एकीकृत अध्ययन गर्ने परिपाटीको विकास भयो । यस प्रकारको खोज अध्ययनका प्रतिवेदनहरूको प्रकाशनका लागि उनीहरूले 'रिप्रिजिन्टेसन' नामको एउटा जर्नल प्रकाशन गर्न सुरु गरे। यसमा मुख्य गरेर इतिहासलाई नवीन दृष्टिकोणबाट अध्ययन गरिएका लेखहरू प्रकाशित हुन थाले (बेरी, सन् २००२, पृ. १७९) । यसबाट इतिहासलाई कलासाहित्य, समाज, संस्कृति, अर्थव्यवस्था आदिका सन्दर्भमा व्याख्या गर्ने परिपाटीको विकास भयो । यसैको परिणामस्वरूप नवइतिहासवाद एउटा नवीन समालोचना पद्धतिका रूपमा विकसित भएको हो ।

नवइतिहासवादी समालोचनाको विकासमा स्टिफन ग्रिनब्लाटको भूमिका महत्त्वपूर्ण रहेको छ। उनले यसका लागि 'पोएटिक्स अफ कल्चर' र 'कल्चरल पोएटिक्स' जस्ता शब्दको पनि प्रयोग गरेका थिए । सन् १९८० मा प्रकाशित उनको *रिनेसा सेल्फ-फेसनिङ : फ्रम मोर टु सेक्सपियर* कृतिमा उनले यिनै शब्दको प्रयोग गरेका थिए । सन् १९८९ मा प्रकाशित एच. अराम भिसरको 'द न्यु हिस्टोरिसिज्म' कृति र उनकै 'सेक्सपियरियन नेगोसिएसन'मा समेत उनले आफ्नो अध्ययनलाई 'पोएटिक्स अफ कल्चर' नै भन्न रुचाएका छन् । यसको प्रयोग सन्दर्भमा उनको शैक्षणिक जीवनमा एउटा महत्त्वपूर्ण घटना घटेको थियो । यसलाई उनले 'टु वार्ड्स अ पोएटिक्स अफ कल्चर' नामक लेखमा उल्लेख गरेका छन् । उनका अनुसार सन् १९७० को दशकमा उनी बर्कली विश्वविद्यालयमा मार्क्सवादी सौन्दर्यशास्त्रको पाठ्यक्रम पढाउने गर्थे । एकपटक एक जना विद्यार्थीले उनलाई बोल्सेभिक वा मेन्सेभिकमध्ये एक हुनुपर्छ भनेर आरोप लगाए । उनले आफैँ कुनै पनि पक्षको नभएको महसुस गरे र उनले आफूले पढाइरहेको पाठ्यक्रमको नाम ने परिवर्तन गरी ' कल्चरल पोएटिक्स' राखे (सायर, सन् २०२४, पृ. १२३८-१२३९) । 'न्युहिस्टोरिज्म' शब्दको प्रयोग गर्दा यसले परम्परागत 'हिस्टोरिसिज्म'लाई विस्थापित गरेको जस्तो देखिने र केही विवाद पनि ल्याएकाले उनले 'कल्चरल पोएटिक्स' शब्दमा बढी रुचि देखाए (ब्रान्निगन, सन् १९९८, पृ. ९१) । यसरी ग्रिनब्लाटले विभिन्न शब्दको प्रयोग गरेको भए पनि उनको यस कार्यलाई साहित्यसमालोचनाका क्षेत्रमा नवइतिहासवाद (न्यु हिस्टोरिसिज्म) शब्द नै व्यापक रूपमा स्वीकार्य भयो ।

नवइतिहासवादको विकास हुनुअघि नवसमालोचना, रूपवाद एवम् शैलीवैज्ञानिक समालोचना जस्ता संरचनावादी एवम् कृतिकेन्द्री समालोचना पद्धति प्रभावशाली रहेका थिए । यिनले कृतिबाहिरका सामाजिक-सांस्कृतिक सन्दर्भलाई समेट्न सकेका थिएनन् । यस प्रकारका सीमालाई तोड्दै नवसमालोचनावादले कृतिबाहिरका समाज, इतिहास, संस्कृतिलाई समालोचनाको केन्द्रमा ल्याएको छ । त्यसैले विसरले समालोचनाको केन्द्रमा इतिहासलाई राखेर नवइतिहासवाद कोरा रूपवादका विरुद्ध उभिएको छ भन्ने विचार प्रस्तुत गरेका छन् (सन् १९८९, पृ. XI) । यसले साहित्य-समालोचनालाई पाठबाहिरका सामाजिक, राजनीतिक एवम् ऐतिहासिक सन्दर्भसँग जोडेर प्रचलित समालोचनाको सीमालाई मेटाउने प्रयास गरेको छ । यसले सामाजिक, राजनीतिक, साहित्यिक एवम् ऐतिहासिक अध्ययनका अलग अलग आयामलाई जोडेर समग्रतामा अध्ययन गर्ने पद्धतिको विकास गरेको छ । त्यसैले राजेन्द्र सुवेदीले यसले "योचाहिँ शुद्ध साहित्यिक अध्ययन हो, योचाहिँ राजनीतिक अनि योचाहिँ सांस्कृतिक अध्ययन हो र योचाहिँ चट्ट मिलेको पद्धति हो भन्ने कुरा नमानेर अनकौं विचारलाई लिएर साहित्य अध्ययन गरिनुपर्छ भन्ने सिद्धान्तलाई मूल आधार बनाएको छ" भन्ने धारणा व्यक्त गरेका छन् (२०७८, पृ. ४१४) । यसरी नवइतिहासवादी समालोचनाले साहित्यसमालोचनाका स्रष्टा, सिर्जना, समाज र पाठक गरी चार केन्द्रकमध्ये स्रष्टा र समाजका सापेक्षमा सिर्जनाकृतिको अध्ययन गर्ने फराकिलो क्षितिज निर्माण गरेको छ ।

नवइतिहासवादी समालोचनाको पृष्ठभूमिमा परम्परागत इतिहासवादी अध्ययन पद्धति पनि रहेको छ । यसले सार्वभौमिकता, वस्तुगत सत्य र लेखकीय विचारलाई केन्द्रमा राख्दछ । यस प्रकारको लेखनलाई सत्ता र शक्तिका रक्षक एवम् बौद्धिकताप्रतिको धोकाको आरोप लगाउँदै त्यसको प्रतिवादमा नवइतिहासवादले विद्वान्हरूका निम्ति नवीन अवसर सिर्जना गरेको दाबी विसरको रहेको छ (सन् १९८९, पृ. IX) । इतिहास लेखनमा लेखकीय वैयक्तिकता, उसका सामाजिक, राजनीतिक, आर्थिक सन्दर्भको प्रभाव रहेको हुन्छ भन्दै परम्परागत इतिहासप्रति संशय गर्दै नवइतिहासवादको जन्म भएको हो ।

नवइतिहासवादको विकासमा सामाजिक एवम् सांस्कृतिक सिद्धान्तहरूको सैद्धान्तिक पृष्ठभूमि पनि महत्त्वपूर्ण रहेको छ । अभि सुवेदीका विचारमा “यसले मार्क्स, फुको, न्यु क्रिटिसिज्म, एडवर्ड सइदका जगत्, पाठ र समीक्षक आदि अनेकौं धारणाहरू प्रयोग गर्छ” (२०६७, पृ. ४१५) । यिनका अतिरिक्त लुइस अल्थुसर, डेरिडा, क्यालिफोर्ड गिर्ज तथा रेमन्ड विलियम्सका विचारबाट पनि यो प्रेरित देखिन्छ । मार्क्सले समाज र साहित्यको अन्तरसम्बन्धबारे चर्चा गर्दै साहित्यलाई वर्गीय दृष्टिकोणबाट अध्ययन गर्ने अवधारणा विकास गरेका छन् । अल्थुसरले समालोचनामा आर्थिक आधार र विचारधाराका साथै राजनीति, अर्थशास्त्र, धर्मशास्त्रलगायत अन्य क्षेत्रको अध्ययनमा पनि जोड दिएका छन् । मानवीय समाज र संस्कृतिसम्बद्ध समग्र पक्षहरूको अध्ययनले मात्र समालोचनाले पूर्णता प्राप्त गर्दछ भन्ने विचार उनको रहेको छ । उनको यसप्रकारको बहुलवादी पठनसम्बन्धी विचारबाट नवइतिहासवादले वैचारिक आधारभूमि प्राप्त गरेको छ । फुकोको ‘सत्ता, शक्ति र डिस्कोर्स’सम्बन्धी मान्यता पनि यसको आधारभूमि हो । उनले समग्र सामाजिक अभ्यासहरूलाई ‘डिस्कोर्स’को संज्ञा दिएका छन् । मानव समाजका भाषिक एवम् गैरभाषिक अभ्यासका रूपमा रहेका ‘डिस्कोर्स’को सम्बन्ध सत्ता र शक्तिसँग रहेको हुन्छ भन्ने धारणा फुकोको रहेको छ । डेरिडाको विनिर्माणवाद, उत्तरसंरचनावाद एवम् उत्तरआधुनिकतावादी सिद्धान्तमा पनि यसको आधारभूमि निर्माण भएको छ । साथै गिर्जको संस्कृति पनि एक किसिमको पाठ हो र पाठसरह यसको पनि विश्लेषण हुन सक्छ भन्ने संस्कृतिसम्बन्धी मान्यता पनि यसको स्रोत रहेको देखिन्छ । रेमन्ड विलियमले विकास गरेको साहित्य र सामाजिक-आर्थिक मुद्दालाई जोडेर हेर्ने सांस्कृतिक अध्ययनबाट पनि यो प्रभावित छ । त्यसैले यसलाई ‘सांस्कृतिक काव्यशास्त्र’ (कल्चरल पोएटिक्स) को संज्ञा पनि दिइएको छ (ग्रिनब्लाट, सन् १९८०, पृ. ५) । यसरी पूर्ववर्ती सामाजिक-सांस्कृतिक सिद्धान्तहरूको पृष्ठभूमिमा नवइतिहासवादको विकास भएको छ ।

## नवइतिहासवादी समालोचनाका मुख्य अवधारणा

नवइतिहासवाद अलग विचार भएको सिद्धान्त नभएर पूर्ववर्ती सिद्धान्तबाट अभिप्रेरित साहित्य, समाज र संस्कृतिको अध्ययन गर्ने एउटा पद्धति हो भन्ने कुरा माथिको छलफलबाट प्रस्ट भइसकेको छ । यसले इतिहास लेखन र समालोचनाको परम्परागत संरचनावादी पद्धतिलाई अस्वीकार गरी उत्तरसंरचनावादी चिन्तनबाट प्रभाव ग्रहण गरेको छ । यस सन्दर्भमा नवइतिहासवादी सिद्धान्तको व्याख्याका क्रममा विभिन्न विद्वान्हरूले प्रस्तुत गरेका मतका आधारमा यसका मुख्य अवधारणालाई यसप्रकार चर्चा गर्न सकिन्छ :

### वैयक्तिकता र सांस्कृतिक पहिचान

नवइतिहासवादले वैयक्तिक पहिचानलाई स्वतन्त्र एकाइका रूपमा स्वीकार गरेको छैन । यसले वैयक्तिक पहिचान पनि सामाजिक-सांस्कृतिक सम्बन्धको उपज हो भनी मानेको छ । साथै संस्कृति आफैलाई यसले एउटा पाठका रूपमा अध्ययन गर्न सकिन्छ भन्ने धारणा अघि सारेको छ ।

## वैयक्तिक पहिचान

नवइतिहासवादी अध्ययनमा ग्रिनब्लाटले पुनर्जागरणकालीन लेखक सेक्सपियर, क्रिस्टोफर मार्लो जस्ता लेखकहरूले निर्माण गरेको आत्म-पहिचानलाई 'सेल्फ-फेसनिङ' शब्दको संज्ञा दिएका छन् । सन् १५८९ मा एडमन्ड स्पेन्सरले 'फेसनिङ' शब्दको प्रयोग एक वैयक्तिकता, एक विशिष्ट व्यक्तित्व, दुनियाँका लागि एक विशिष्ट पहिचान, व्यवहार र विचारको सुसङ्गत तरिकालाई बुझाउनका लागि गरेका थिए (ग्रिनब्लाट, सन् १९८०, पृ. २) । यसलाई आधार बनाएर पारिभाषिक पदावलीका रूपमा ग्रिनब्लाटले सांस्कृतिक अध्ययनमा यसको प्रयोग गरेका छन् । यसमा नवइतिहासवादको सार निहित छ । वैयक्तिक पहिचानभित्र लेखकीय पहिचानका साथै पात्रगत पहिचान पनि समाविष्ट हुन सक्छन् । यसले सामाजिक, राजनीतिक एवम् सांस्कृतिक सन्दर्भअनुसार निर्माण हुने लेखकीय एवम् पात्रगत पहिचानलाई जनाउँछ । उनले पुनर्जागरण कालका खासगरी कुलीन व्यक्तिहरूको पहिरन, आचारव्यवहारले तत्कालीन समयको सामाजिक-सांस्कृतिक सन्दर्भको खोजी गर्न सहयोग गर्ने विचार व्यक्त गरेका छन् । त्यस्ता कुलीन पुरुष व्यक्तिहरूले लगाउने वीरोचित पहिरन र महिलाहरूले लगाउने शृङ्गारिक पहिरनले समाजमा उनीहरूको भूमिका के कस्तो थियो भन्ने कुराको सङ्केत गर्दछ ।

पहिचानसूचक तत्त्वहरू स्थान र समयानुसार फरक फरक प्रकृतिका हुन्छन् । स्थानिक र कालिक चेतना एवम् राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक सन्दर्भअनुसार पहिचानका सूचक निर्माण भएका हुन्छन् । त्यस्ता सूचकहरूले व्यक्तिको पहिचान निर्माण गर्दछन् । त्यसैले नवइतिहासवादका अनुसार वैयक्तिक पहिचान भनेको बाह्य सूचकद्वारा निर्मित तत्त्व हो । शरद पौडेलको *लिखे* उपन्यासमा दिल्ली गएर गाउँ फर्किएको नेपाली ठिटोको पहिचानलाई उसको पहिरनबाट चित्रण गरिएको छ : "दिल्ली लाहुरेको कपालमा घसेको चमेली तेलको बासना लिखेको नाकमा ठोकियो । लिखेले दिल्ली लाहुरेको कपाल हेर्‍यो । लामा-लामा कपाल चिटिक्क मिलाएर कोरेको । घाँटी के-के जाति लेखेको रुमाल बाँधेको । कमिजको टाँक छातीसम्म खोल्या छ । दरो, बाक्लो पाइन्ट । खुट्टामा गोलीगाँठासम्म छोपिने सेता जुत्ता" (२०७३, पृ. १००) । दिल्ली लाहुरेको यस प्रकारको पहिरन र हावभाव उसको व्यक्तिगत स्वभाव मात्र नभएर त्यस समयका दिल्ली, बम्बई जस्ता भारतीय सहरमा जाने नेपाली युवाहरूको सामूहिक पहिचानको प्रतिबिम्ब हो । त्यसैले ग्रिनब्लटले साहित्यले सामाजिक संरचनालाई सूचक एवम् कोडका रूपमा प्रतिबिम्बन गरेको हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् (सन् १९८०, पृ. ४) । यसरी साहित्यले त्यस्ता पहिचान सूचकहरूका माध्यमबाट तत्कालीन सामाजिक-सांस्कृतिक सन्दर्भलाई प्रतिबिम्बन गर्दछ । त्यसैले यस्ता सूचकहरूद्वारा निर्मित वैयक्तिक पहिचानको अध्ययन नवइतिहासवादमा महत्त्वपूर्ण रहेको छ ।

## पाठका रूपमा संस्कृति

नवइतिहासवादी मान्यताका आधारमा संस्कृतिलाई पनि एउटा कृतिसरह अध्ययन गर्न सकिन्छ । यसमा संस्कृतिलाई एउटा खुला किताब मानिएको छ । यस अवधारणाको विकास गर्दै क्यालिफोर्ड गिर्जले मान्छेको संस्कृति पाठहरूको सङ्ग्रह हो, त्यसैभित्र मान्छे पनि सङ्गृहीत हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् (सन् १९७३, पृ. ४५२) । नवइतिहासवादी दृष्टिमा साहित्यिक कृति सांस्कृतिक महाकृतिभित्रको एउटा सानो अंश हो । यसभित्र पनि सांस्कृतिक पद्धति र त्यसले मानवीय व्यवहारमा पारेको प्रभावको अध्ययन गर्न सकिन्छ । यसले संस्कृतिलाई साहित्य लेखनको स्रोत मात्र नमानेर साहित्यिक कृति जस्तै पढ्न र व्याख्या गर्न सकिने पाठ मानेको छ । ग्रिनब्लाटका विचारमा साहित्य र अन्य सांस्कृतिक अभ्यासहरूको सीमा पारगम्य र अस्थिर हुन्छ (सन् १९८८, पृ. ५) । तसर्थ साहित्यिक पाठ र कानुन, परम्परा, संस्कार जस्ता अन्य सामाजिक-सांस्कृतिक दस्तावेजलाई समान रूपमा अध्ययन गर्न सकिन्छ । यसले संस्कृतिलाई पनि साहित्य

जस्तै सङ्केत चिह्नहरूको एउटा व्यवस्था मान्दछ । यसमा पनि साहित्यमा जस्तै विभिन्न विचारधारात्मक संरचना, सत्ता र शक्तिसम्बन्धको अध्ययन गर्न सकिन्छ । त्यसैले संस्कृतिलाई पनि पाठ जस्तै अध्ययन र विश्लेषण गर्न सकिन्छ भन्ने मान्यता यसमा रहेको छ ।

## इतिहासको आत्मपरकता र साहित्यिक दस्ताबेजीकरण

नवइतिहासवादले इतिहास लेखनलाई पनि साहित्य जस्तै आत्मपरक लेखनका रूपमा व्याख्या गर्दछ । इतिहास लेखनको वस्तुगत सत्य र सार्वभौमिकताको विरोध गर्दै वैकल्पिक सत्यको खोजी गर्नु यसको मुख्य विशेषता पनि हो । त्यसका लागि कलासाहित्यलाई पनि यसले इतिहासको महत्त्वपूर्ण दस्ताबेज मान्दछ ।

## इतिहासको आत्मपरकता र खण्डन

नवइतिहासवादले परम्परागत इतिहासलाई तथ्यहरूको सङ्ग्रह र आत्मपरक लेखनका रूपमा व्याख्या गरेको छ । इतिहासकारको सामाजिक, सांस्कृतिक एवम् राजनीतिक पृष्ठभूमिअनुसार इतिहासप्रतिको दृष्टिकोण भिन्न हुने भएकाले इतिहास पनि वस्तुगत हुँदैन, यो कलासाहित्य जस्तै समाजसापेक्ष हुन्छ । त्यसैले कलासाहित्य पनि इतिहास लेखनको एउटा महत्त्वपूर्ण आधार हो । नवइतिहासवादले इतिहाससम्बन्धी यसप्रकारको विचार फुकोको अवधारणाबाट ग्रहण गरेको देखिन्छ । उनका विचारमा इतिहासको गति रैखिक हुँदैन, नयाँ समयमा यो खण्डित र क्रमभङ्गको अवस्थामा हुन्छ साथै विचार, ज्ञान, दर्शन र साहित्यको इतिहासले बढीभन्दा बढी क्रमभङ्गता खोजिरहेको हुन्छ (सन् २००२, पृ. ६) । यसको मुख्य आधार आत्मपरकता हो । कुनै एक दृष्टिबाट अभिप्रेरित भएर लेखिएको इतिहासलाई हेर्ने दृष्टिकोण परिवर्तन भएपछि त्यो स्वतः खण्डित हुन पुग्छ । उदाहरणका लागि नेपाली साहित्यको अध्ययन पुरुष लेखककेन्द्री रहेको छ । पुरुष लेखनलाई केन्द्र बनाएर गर्ने गरिएको ऐतिहासिक अध्ययनलाई अहिले नारीवादी अध्ययनमार्फत चुनौती दिन सुरु गरिएको छ । पुरुष लेखनका दृष्टिमा आधुनिक नेपाली उपन्यासको पहिलो चरण वि. सं. १९९१-२०२१ लाई मानिएको छ । तर यसलाई चुनौती दिँदै ज्ञानु पाण्डेले नारीलैङ्गिक दृष्टिबाट पहिलो चरण (१९९१-२०४५) र दोस्रो चरण (२०४६ यता) भनी विभाजन गरेकी छिन् (२०६९, पृ. ३०) । उनले परम्परागत नेपाली उपन्यासको इतिहास पुरुषकेन्द्री भएको ठहर गरी त्यसलाई नारीवादी दृष्टिकोणबाट पुनर्लेखन गरेकी छन् । यसले आधुनिक नेपाली उपन्यासको इतिहासलाई क्रमभङ्ग गरेको छ । यसै गरी जनजातीय, मधेसी, दलित जस्ता अन्य दृष्टिकोणबाट अझ भिन्न किसिमले यसको अध्ययन गर्न सकिने सम्भावना रहेको छ । त्यसैले इतिहास आत्मपरक प्रकृतिको हुन्छ र यसको क्रमभङ्ग भइरहन्छ भन्ने मान्यता नवइतिहासवादमा रहेको छ ।

## कलासाहित्य इतिहासको दस्ताबेज

कुनै पनि साहित्यिक कृतिले सामाजिक, सांस्कृतिक एवम् ऐतिहासिक सन्दर्भको प्रतिबिम्बन मात्रै नगरेर यसले इतिहास निर्माणमा पनि मदत गर्दछ । साहित्यिक कृतिमा इतिहासका महत्त्वपूर्ण तथ्यहरू पात्र, घटना, परिवेश आदिसँग अन्तर्घुलन भएर आएको हुन्छ । यसका साथै साहित्य र इतिहास लेखनको संरचनागत आयाममा पनि तात्त्विक भिन्नता रहेको हुँदैन । जेन मार्कस्का विचारमा सबै इतिहास आख्यान हुन् भने सबै आख्यान इतिहास हुन् (सन् १९८९, पृ. १३३-१३४) । यसरी आख्यानीकृत इतिहासका पक्षहरूको खोजीमा नवइतिहासवादको रुचि रहेको छ । गिरीशबल्लभ जोशीको *वीरचरित्र* (१९६०) उपन्यासका पात्रहरूमा तत्कालीन शासकीय चरित्र पाउन सकिन्छ । यसमा भिर्कोट, तन्हौँकोट, ध्वाँकोट र मुसिकोटका चार राजकुमारलाई निधिनी नाम गरेकी कामुक महिलाले मूर्तिवत् बनाएर राखेकी

छ । नारीमोहका जालमा परेका यी राजकुमारहरूको राज्य गण्डक क्षेत्रमा रहेका छन् । तत्कालीन राणाशासनमा बन्दी बनेका नेपालका राजा पनि गण्डक क्षेत्र गोरखा राज्यकै उत्तराधिकारी हुन् र शासनसत्ताबाट अलग हुनुमा नारीमोह पनि एउटा मुख्य कारण थियो । यस्तो बन्दीअवस्थाबाट मुक्तिका लागि अग्निदत्तजस्तै कुनै ऐयारी व्यक्तिको खोजीमा तत्कालीन राजा र जनता रहेका थिए भन्ने ऐतिहासिक तथ्यलाई यसले औपन्यासिक शिल्पका माध्यमबाट प्रस्तुत गरेको छ । यस्तो विषयलाई जासुसी ऐयारी शिल्पगत कलेवरमा किन प्रयोग गरियो भनेर खोजी गर्ने हो भने राणाशासनको निरङ्कुशता र तानाशाही व्यवस्थाबारे तथ्य उजागर हुन्छ । त्यसैले कलासाहित्य सामाजिक सांस्कृतिक सन्दर्भहरूको यथार्थ प्रतिबिम्बन गर्ने विश्वसनीय दस्ताबेज हो भन्ने मान्यता नवइतिहासले अङ्गीकार गरेको छ ।

## साहित्य, शक्ति र सीमान्त आवाज

नवइतिहासवादी समालोचनामा साहित्य भनेको सामाजिक-सांस्कृतिक व्यवहार र समाजमा क्रियाशील शक्ति-सम्बन्धको अभिरेखाङ्कन हो भन्ने अवधारणा रहेको छ । यसका माध्यमबाट सीमान्तकृत समुदायका आवाज र दृष्टिकोणलाई पनि पहिल्याउन सकिन्छ भन्ने मान्यता यसमा रहेको छ ।

### कलासाहित्य सामाजिक-सांस्कृतिक व्यवहारको उपज

नवइतिहासवादमा साहित्य र संस्कृति एकअर्कामा अन्तरसम्बन्धित हुन्छन् र यी दुईलाई अलग गराएर तिनको अध्ययन गर्न सकिँदैन भन्ने मान्यता रहेको छ । ग्रिनब्लाटले 'टुवार्डस् अ पोएटिक्स अफ कल्चर' शीर्षकको लेखमा यसको चर्चा गरेका छन् । उनका विचारमा कला आफैमा स्वतन्त्र एवम् शुद्ध एकाइ होइन । यो विविध सामाजिक एकाइबाट प्रभावित हुन्छ । यो सर्जक र सामाजिक व्यवहार, परम्परा, संस्था आदि बिचको सौदाबाजी हो । यस सौदाबाजी एवम् सम्झौताको उद्देश्य परिपूर्ति गर्नका लागि सर्जकले अर्थपूर्ण 'मूल्य'को सिर्जना गर्दछ, जसले मनोरञ्जन र रुचि पैदा गर्दछ (सन् १९८९, पृ. १-१४) । यस सन्दर्भमा कृष्ण गौतमले बालकृष्ण समको *प्रह्लाद* नाटकको जीवनीपरक पठन गरी यसमा लेखकको वैयक्तिक जीवनका पारिवारिक, सामाजिक, सांस्कृतिक पक्षहरूले कलात्मक रूप ग्रहण गरेको उल्लेख गरेका छन् । उनका विचारमा समको बाल्यकाल र प्रह्लाद पात्रको बाल्यकालमा समानता रहेको छ, उनका धाईआमाहरूले सिकाएका धार्मिक र नैतिक मूल्यको प्रभाव प्रह्लाद पात्रमा पनि रहेको छ । विद्यालय, स्वाध्ययन र बाहिरी अनुभवबाट प्राप्त ज्ञानका कारण उनी यस नाटकमा सामन्तवादका विपरीत उदारवादी आदर्शको बाहक बनेका छन् (२०५९, पृ. ६३-६४) । यसरी साहित्य लेखकीय जीवनका सामाजिक व्यवहार, मूल्यमान्यता, संस्कार, संस्कृति, परम्परा आदिको उपज हो । *प्रह्लाद* नाटकको एउटै कथन "ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ"लाई मात्र नवइतिहासवादी पठन गर्ने हो भने त्यस समयको सामाजिक, सांस्कृतिक एवम् राजनीतिक सन्दर्भहरू यस अध्ययनको दायराभित्र आउँछन् । त्यस्तै साहित्यिक कृतिमा लेखकको जातीय, वर्गीय संस्कृतिका साथै त्यस समयको सांस्कृतिक मूल्यमान्यताले प्रभाव पारेको हुन्छ । भानुभक्त आचार्यले *वधूशिक्षा* रचना गर्नुमा त्यस समयको सामाजिक सांस्कृतिक मान्यताको प्रभाव रहेको देखिन्छ भने पारिजातले तामाङ पात्रको अधिक प्रयोग गर्नु एवम् गिरीशवल्लभ जोशीले ब्राह्मण पात्रलाई चतुर, साहसी र ऐयारी देखाउनुमा उनीहरूको स्वजातीय संस्कृतिप्रतिको प्रेम देखिन्छ । त्यसैले कलासाहित्य सामाजिक संस्था, मूल्यमान्यता र परम्पराको उपज हो । साहित्यमा तिनको सोझो र सपाट प्रस्तुति हुँदैन । ती कलासौन्दर्यभित्र अन्तर्घुलित भएर आएका हुन्छन्, र सामालोचनाले तिनको खोजी गर्नुपर्दछ ।

## कलासाहित्यमा शक्तिसम्बन्धको अभिरेखाङ्कन

साहित्य रचना र त्यसको बोधका सन्दर्भमा 'शक्ति' एउटा महत्त्वपूर्ण पक्ष हो भन्ने कुरामा नवइतिहासवाद विश्वास गर्दछ । यसले शक्ति-सम्बन्धको खोजीमा रुचि राख्दछ । जुडिथ न्युटनका विचारमा इतिहास शक्ति-सम्बन्ध र सङ्घर्षको विरोधाभासपूर्ण, विषमतायुक्त र खण्डित कथा हो । यसमा प्रभुत्वशाली शक्ति केवल अंश मात्र हो, सम्पूर्णतः कथा होइन । त्यसैले इतिहास अनेक आवाज, शक्तिका अनेक रूप, सीमान्तकृत एवम् कमजोर र शक्तिशाली प्रभुत्वशालीहरूको शक्ति-सङ्घर्षको कथा हो (सन् १९८९, पृ. १५२) । यस प्रकारको शक्तिसङ्घर्ष सामाजिक, सांस्कृतिक एवम् राजनीतिक अनेक रूपमा देखा पर्दछ । खगेन्द्र प्रधानाङ्गको *हारी* उपन्यासमा पृथ्वीनारायण शाहले किरात राज्यसँगको सङ्घर्षपूर्ण जितपछि उनीहरूको धर्म र संस्कृतिभित्र आफ्नो प्रभुत्व पनि कसरी कायम गरेका थिए भन्ने तथ्यको अभिरेखाङ्कन गरिएको छ । यसमा धनकुटा क्षेत्रका आठपरे राई जातिको संस्कृतिमा प्रचलित मार्गादेवीको सहअस्तित्व रहने गरी पृथ्वीनारायण शाहले 'दुवारे द्यौ'का रूपमा उनको प्रतिमा स्थापना गराएको उल्लेख गरिएको छ (प्रधानाङ्ग, २०५०, पृ. १०७) । त्यसलाई आठपरे जातिले पनि स्वीकार गरी पूज्ने गरेका छन् । पृथ्वीनारायण शाहले किरात धर्म र संस्कृतिलाई नष्ट गर्ने नीति अङ्गीकार नगरी तिनीहरूकै संस्कृतिभित्र आफ्नो प्रभुत्व कायम गर्ने रणनीति लिएको देखिन्छ । त्यसै गरी सरोजराज अधिकारीको *धम्बोजी* (२०७५) उपन्यासले नेपाली राजनीतिका पुराना शक्ति र उदयीमान लोकप्रिय नयाँ शक्तिबिचको शक्तिसङ्घर्षको चित्रण गरेको छ । त्यस्तै आहुतिको *नयाँ घर* (२०५०) उपन्यासमा जातीय एवम् वर्गीय शक्ति-सङ्घर्ष प्रतिबिम्बित छ । यस प्रकारको शक्तिसम्बन्ध वर्ग, लिङ्ग, जाति, धर्म, संस्कृति, भूगोल आदिका आधारमा पनि हुन्छ । तिनको यथार्थ चित्र साहित्यमा अङ्कित हुने भएकाले नवइतिहासवादी दृष्टिमा यसको महत्त्व रहेको छ ।

## कलासाहित्यबाट सीमान्तकृत इतिहासको खोजी

नवइतिहासवाद खास गरी सीमान्तकृत एवम् दमित, शोषित, उत्पीडित वर्गको आवाजलाई साहित्यमा कसरी उठान गरिएको छ र तिनको प्रतिनिधित्व कसरी गराइएको छ भन्ने कुराको अध्ययनमा पनि जोड दिन्छ । एलिजाबेथ फक्स-जेनोभेसका विचारमा नवइतिहासवाद साहित्यिक पाठको विमर्शका माध्यमबाट महिला, श्रमिक र अन्य सीमान्तकृत समूहको पुनर्स्थापना गर्ने प्रयास गर्दछ । नारी र पुरुष, धनी र गरिब, शक्तिशाली र शक्तिहीन एवम् तिनका फरक फरक विश्वास, जाति, वर्गहरूका बिचको सामाजिक-सम्बन्धबाट निर्मित पद्धतिले तिनको सचेतना र व्यवहारलाई निर्देश पनि गरेको हुन्छ भन्ने उनको विचार रहेको छ (सन् १९८९, पृ. २१८) । यस सन्दर्भमा श्रवण मुकारुङको 'बिसे नगर्चीको बयान'ले खोजी गरेको दलित जातिको ऐतिहासिक मूल्य महत्त्वपूर्ण रहेको छ । पृथ्वीनारायण शाहको गोरखा राज्यविस्तारका एक महत्त्वपूर्ण व्यक्तित्व बिसे नगर्चीको इतिहास मेटाइएका सन्दर्भमा यस कविताले "भानुभक्त बाजेको गीत र मेरो सियो बराबर हो" भनी दाबी गर्दै र "यस राज्यलाई प्रजाले बनायो कि राजाले" भन्ने प्रश्न गर्दै हिजोसम्म दबाइएको निम्न वर्गीय दलित जातीय इतिहासको उत्खनन गरेको छ । त्यस्तै युग पाठकको *उर्गेनको घोडा* (२०६४) उपन्यासमा तामाङ जातिको इतिहासको खोजी गरिएको छ । त्यसैले प्रभुत्वशालीहरूको इतिहास लेखनको परम्परामा साहित्यले सीमान्तकृत समुदायको इतिहासको खोजी र उत्थानमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

## साहित्यको अन्तरविषयक अध्ययन

नवइतिहासवाद साहित्य समालोचनामा अन्तरविषयक दृष्टिकोणमा विश्वास गर्दछ । मूलतः पाठकेन्द्री नवसमालोचना र रूपवादी समालोचनाको सीमालाई भत्काउँदै उदय भएकाले साहित्यलाई मानविकीका अन्य विधासँग जोड्नु यसको

विशिष्टता हो । यसले साहित्य, मानवशास्त्र, कला, इतिहास, विज्ञान र अन्य विधाको अध्ययनलाई जोड्छ (विसर, सन् १९८९, पृ. XI) । साहित्य पनि सामाजिक संरचनाकै उपज भएकाले यसमा सामाजिक संवेदनाका विविध आयाम लुकेका हुन्छन् । तिनको खोजी र अध्ययन एकल विधापरक दृष्टिबाट मात्र सम्भव हुँदैन । त्यसका लागि अन्तरविषयक अध्ययनको अपरिहार्यता हुन्छ । यसका लागि एउटै कृतिको अध्ययनका लागि सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, दार्शनिक, सांस्कृतिक आदि विधाका दृष्टिकोणलाई विश्लेषणको आधार बनाइन्छ । त्यति मात्र नभएर कृतिसम्बद्ध समयका ऐतिहासिक अभिलेख, विभिन्न दस्ताबेज, ऐनकानुन, धार्मिक विश्वास आदिसँग पनि तुलना गरिन्छ र त्यसका लागि एकल र स्थिर ढाँचाको प्रयोग नगरी विषयगत आधारमा बहुल ढाँचाको प्रयोग गरिन्छ । यसै सन्दर्भमा पछिल्लो समय नेपाली समालोचनामा पनि अन्तरविषयक अध्ययन पद्धति मौलाएको देखिन्छ । समाजवादी समालोचना, नारीवादी समालोचना, सांस्कृतिक अध्ययन, जनजातीय अध्ययन, दलित अध्ययन आदि साहित्यको अन्तरविषयक अध्ययनका उदाहरण हुन् । यिनले तत्तत् विधाक्षेत्रका विशिष्टताका आधारमा कृतिको विश्लेषण गरी सामाजिक-सांस्कृतिक इतिहासको खोजीमा सहयोग गर्दछन् भन्ने नवइतिहासवादको मान्यता रहेको छ ।

यसरी नवइतिहासवाद सामाजिक सांस्कृतिक दृष्टिले इतिहासको अध्ययन गर्ने पद्धति हो । मानवीय समाज र संस्कृतिका आयामहरू गतिशील हुने भएकाले यसले सार्वभौम एवम् सार्वकालिक सत्यतामाथि संशय राख्दछ र गतिशील इतिहासको परिकल्पना गर्दछ । इतिहास लेखन निरन्तर विकासशील कार्य भएकाले सामाजिक सांस्कृतिक अध्ययनले नयाँ तथ्यको खोजी गर्दछ र नयाँ इतिहासको निर्माण गर्दछ । यसले कलासाहित्यलाई सामाजिक सांस्कृतिक इतिहासको जीवन्त अभिलेख मान्दछ । त्यसैले सम्पूर्ण संस्कृतिलाई नै एउटा पाठका रूपमा लिएर कलासाहित्यलाई त्यसभित्रको एउटा अंशका रूपमा अध्ययन गर्नु यसको मूलभूत विशेषता हो । यसले कलासाहित्यलाई सामाजिक सांस्कृतिक व्यवहारकै उपजका रूपमा लिँदै यसमार्फत शक्तिसम्बन्धको लेखाजोखा एवम् सीमान्तकृतहरूको इतिहासको पनि खोजी गर्न सकिन्छ भन्ने मान्यता राख्दछ ।

## निष्कर्ष

नवइतिहासवाद सामाजिक, सांस्कृतिक एवम् ऐतिहासिक सन्दर्भलाई परम्पराभन्दा भिन्न कोणबाट हेर्ने नवीन दृष्टिकोण हो । खास समय र स्थानका घटना वर्णनमा केन्द्रित परम्परागत इतिहास लेखनका विपरीत यसमा कुनै घटनासन्दर्भलाई कुन दृष्टिकोणले कसरी विश्लेषण गरिएको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । यसले परम्परागत इतिहासप्रति आलोचनात्मक दृष्टि राख्दछ र सामाजिक-सांस्कृतिक सन्दर्भबाट इतिहासका तथ्यहरूको खोजी गर्दछ । यस सन्दर्भमा साहित्यलाई पनि यसले संस्कृतिको एउटा आयाम स्वीकार गरी साहित्य-समालोचनाका माध्यमबाट नयाँ इतिहासको खोजी गर्दछ । यसले साहित्य-समालोचनालाई कृतिपरक अध्ययनको सङ्कुचनबाट कृतिबाहिरको फराकिलो क्षेत्रमा विस्तार गरेको छ । लेखकीय सामाजिक सांस्कृतिक सन्दर्भहरूको प्रभाव साहित्यिक कृतिमा पर्ने भएकाले लेखकीय जीवन र उसको समयको अध्ययनबिना साहित्यको समग्र अध्ययन हुन सक्दैन भन्ने मान्यतामार्फत यसले साहित्यलाई सामाजिक सांस्कृतिक क्षेत्रका अनेक विषयको सन्धानमा प्रेरित गरेको छ । यसैको प्रभावस्वरूप नेपाली साहित्य र समालोचना पनि धर्म, संस्कृति, दर्शन, जातिगत व्यवहार पद्धतिका साथै वर्ग, लिङ्ग, जाति, समुदाय आदि बिचको द्वन्द्वको खोजीतर्फ अभिप्रेरित हुन थालेको छ । यसले समाज र संस्कृतिमा लुकेका र लुकाइएका विविध पाटाहरूको उजागर गर्न सहयोग पुऱ्याएको छ । यद्यपि कृतिबाहिरका विविध पक्षमा जोड दिने क्रममा यसले सौन्दर्य पक्षलाई उपेक्षा गरेको देखिन्छ । साथै यसमा लेखकीय व्यक्तित्वको प्रभावले पनि समालोचनामा प्रभाव पार्ने देखिन्छ । यसले गर्दा कृतिको

वस्तुगत अध्ययन नभई प्रभावपरक अध्ययन हुन सक्ने जोखिम पनि देखिन्छ । यसले कृतिको समग्र अध्ययन नभएर विषयगत क्षेत्र (थिमेटिक)को अध्ययनमा जोड दिने भएकाले सत्यम्, शिवम् र सुन्दरम्मध्ये सुन्दरम् पक्ष उपेक्षित हुन सक्ने देखिन्छ । यद्यपि साहित्यलाई नवीन विषयतर्फ अभिमुखीकरण गर्नु र सामालोचनात्मक दृष्टिमा फराकिलो आयाम समेट्नु यसको मुख्य शक्ति रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, सरोजराज (२०७५). *धम्बोजी.* काठमाडौँ : साङ्ग्रिला बुक्स प्रा. लि. ।

आहुति (२०५०). *नयाँ घर.* काठमाडौँ : संगम प्रकाशन ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०६७). *उत्तरआधुनिक संवाद.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

पाठक, युग (२०६४). *उर्गेनको घोडा.* काठमाडौँ : साङ्ग्रिला बुक्स प्रा. लि. ।

पाण्डे, ज्ञानु (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौडेल, शरद (२०७३). *लिखे.* काठमाडौँ : साङ्ग्रिला बुक्स प्रा.लि. ।

प्रधानाङ्ग, खगेन्द्र (२०५०). *हारी.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, अभि (२०७८). *पाश्चात्य काव्य सिद्धान्त* (दोस्रो संस्क.). काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

Brannigan, John (1998). New Historicism and Cultural Materialism. St. Martin's Press.

Foucault, Michel (2002). *Archaeology of knowledge*, A. M. Sheridan Smith (Trans.). Routledge.

Fox-Genovese, Elizabeth (1989). Literary Criticism and the Politics of the New Historicism. In H Aram Veeser (Ed.), *The New Historicism*. Routledge Taylor and Francis Group. Pp. 213-223.

Geertz, Clifford (1973). Deep play: notes on the Balinese cockfight. *The Interpretation of Cultures*. Basic Books.

Greenblatt, Stephen (1980). *Renaissance Self-Fashioning From more to Shakespeare*. The University of Chicago Press.

Greenblatt, Stephen (1988). *Shakespearean Negotiations: The Circulation of Social Energy in Renaissance England.* University of California Press.

Greenblatt, Stephen (1989). Towards a Poeitcs of Culture. In H Aram Veeser (Ed.), *The New Historicism*. Routledge Taylor and Francis Group. Pp. 1-14.

Marcus, Jane (1989). The Asylums of Antaeus: Women, War, and Madness-Is there a Feminist Fetishism?. In H Aram Veeser (Ed.), *The New Historicism*. Routledge Taylor and Francis Group. Pp. 132-151.

Newton, Judith Lowder (1989). History as Usual? Feminism and the New Historicism. *The New Historicism*, In H Aram Veeser (Ed.), *The New Historicism*. Routledge Taylor and Francis Group. Pp. 152-167.

Sayar, Ozlem. (2024). Speaking with the Dead: New Historicism, Its Roots and Development as an Epoch-making Approach. RumeliDE Dil ve Edebiyat Araştırmaları Dergisi, (Ö14), 1234-1249. DOI: 10.29000/rumelide.1455502.

Tyson, Lois (2023). *Critical Theory Today* (4th Ed.). Routledge Taylor and Francis Group.

Veeser, H. Aram, Edt. (1989). *The New Historicism.* Routledge Taylor and Francis Group.